धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- २०७९।०८०
चलानी नं. :-

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545271, 033-545238
Toll Free No. 16603352333


मिति: २०७९।०५।३०

# सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस धनगढीमाई नगरपालिकामा मिति २०७९।०५।२९ गते देखी **राष्ट्रिय परिचयपत्र अभियान** सुचारु भएकोले यस नगरपालिकामा बसोबास गर्ने सम्पूर्ण नगरबासीहरुमा यस अभियानमा सहभागी भई तपशिलको समय र स्थानमा सेवा लिनुहुन अनुरोध छ।

**तपसिल:**

**समय:** विहान १०:०० बजे देखी ५:०० बजे सम्म

**स्थान:** प्राकृतिक अस्पताल, धनगढीमाई नगरपालिका धनगढी, सिरहा।

**नोट:** बैदेशिक रोजगारमा जाने व्यक्ति, विधार्थी, डाक्टर, सरकारी कर्मचारी र ईन्जिनियरलाई बिशेष प्राथमिकता दिईनेछ।

उपरोक्त अभियानमा प्रति दिन ४० (चालिस) जना व्यक्तिहरुको देहाय बमोजिमको टोकन नं. अनुसार राष्ट्रिय परिचय-पत्र तयार गरिनेछ।

**तपसिल:**

| क्र.सं. | टोकन नं. | समय | कैफियत |
|---|---|---|---|
| १. | १ देखि १५ सम्म | विहान १०:०० बजे देखि विहान १२ बजे सम्म | |
| २. | १६ देखि ३० सम्म | विहान १२:०० बजे देखि दिउँसो २:३० बजे सम्म | |
| ३. | खाजा खाने समय दिउँसो २:३० बजे देखि दिउँसो ३:०० बजे सम्म | | |
| ४. | ३१ देखि ४० सम्म | दिउँसो ३:०० बजे देखि ५:०० बजे सम्म | |

प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रिय परिचय पत्र बनाउन आवश्यक कागजातहरु

**१) नेपाली नागरिकताको सक्कल ।**

**निम्न अवस्थामा नागरिकताको प्रतिलिपि बनाउनु पर्नेछ ।**

- नागरिकता हराएको / च्यातिएको अवस्थामा ।
- नागरिकताको विवरण प्रष्ट बुझिने नभएमा ।
- नागरिकतामा फोटो प्रष्ट बुझिने नभएमा ।
- नागरिकतामा टास भएको होलोग्राम स्टिकर उक्किएर हराएको भएमा (२०५८ पछिको नागरिकतामा अनिवार्य स्टिकर हुनुपर्ने) ।
- नागरिकतामा कुनै प्रकारको केरमेट गरिएको पाइएमा (केरमेट भएको ठाउँमा अनिवार्य आधिकारिक हस्ताक्षर हुनुपर्ने) ।
- नागरिकता जारी मिति / जन्म मिति प्रष्ट नभएमा ।
  - नेपाली पात्रोमा नभएको मिति प्रष्ट नभएमा ।
  - राहदानी बनाएकोले राहदानीको अंग्रेजी मिति मिले नमिलेको अनिवार्य जाच्नुहोला ।

**२) विवाहित नागरिकको हकमा विवाह दर्ताको सक्कल (२०४६ पछिकाले अनिवार्य विवाह दर्ता नै पेस गर्ने)**
**नोटः (२०४६ अघिको विवाह भए)**

- श्रीमतीको नागरिकतामा श्रीमानको नाम उल्लेख भए श्रीमतीको नागरिकताको सक्कल वा,
- छोरा/छोरीको जन्मदर्ता भए त्यसको सक्कल वा,
- बसाईसराइ प्रमाणपत्र भए त्यसमा श्रीमान श्रीमती दुबैको नाम उल्लेख भए बसाईसराइ प्रमाणपत्रको सक्कल वा,
- छोरा/छोरीको नागरिकतामा बुबा आमा दुबैको नाम उल्लेख भएमा त्यो नागरिकताको सक्कल वा,
- वडाबाट श्रीमान श्रीमती भनी नाता प्रमाणित गरेको भए सो सिफारिसको सक्कल ।

**३) अन्य स्थानबाट बसाई सराई गरि आएको हकमा बसाईसराइ प्रमाणपत्रको सक्कल (२०४० पछि बसाईसराइ गरेकाले बसाईसराइ प्रमाणपत्रको सक्कल अनिवार्य त्यस अघिका ले बसाईसराइको सिफारिस पेस गर्ने)**

**४) श्रीमतीको मृत्यु भईसकेको पुरुषको हकमा श्रीमतीको मृत्यु दर्ताको सक्कल प्रमाण ।**

**५) श्रीमानक मृत्यु भइसकेको महिलाको हकमा**

- श्रीमानको मृत्युदर्ताको सक्कल वा विधवा भत्ता कार्डको सक्कल प्रमाण ।

**६) सम्बन्ध बिच्छेद भईसकेको व्यक्तिको हकमा सम्बन्ध बिच्छेदको कागजातको सक्कल प्रमाण ।**

# राष्ट्रिय परिचय पत्र बनाउन फोटो खिच्दा ध्यान पुर्याउनु पर्ने कुराहरु

## पुरुषको हकमा

- कानमा मुन्द्रा / टप लगाएको भए खोल्ने ।
- चश्मा निकाल्ने ।
- कपाल कालो बाहेक अन्य रंगको भए नेपाली ढाका टोपी लगाउने (अन्य कुनै टोपी लगाउन नपाउने) ।
- मफ्लर, गम्छा लगाएको भए हटाउने ।

## महिलाको हकमा

- चश्मा निकाल्ने ।
- कपाल कालो हुनुपर्ने ।
- अनुहारमा आवश्यकता भन्दा बढी मेकअप भए मुख धुन लगाउने ।
    - टिका हटाउने ।
    - गाजल पुछ्ने ।
    - लिपस्टिक पुछ्ने ।
    - कानको झुम्का हटाउने ।
    - नाकको फुली ठुलो भएमा हटाउने ।
    - धैरै मालाहरु लगाएको भए हटाउने (एक पातलो पोते राख्न सकिने) ।